bhanjyangnews.com

वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

# भञ्ज्याङ

राष्ट्रिय दैनिक

एसियन पेन्टस र सेरा कम्पनीको आधिकारीक बिक्रेता




सम्पूर्ण रङ रोकनका सामान होलसेल तथा खुद्रा बिक्री गरिन्छ । साथै पेन्टर चाहिएमा पनि सम्पर्क गर्नुहोला ।

प्रो. श्याम मौरती
व्यास-२, भेटघाटचोक, दमौली, तनहुँ
फोन : ०६५-५६२६८७, ९८५६०६०३४७

ग्रिनरी भानु सप्लायर्स



# बुझेकै व्यक्तिले लापरवाही गर्दा दमौलीमा कोरोना संक्रमण जोखिम बढ्यो

## तनहुँमा संक्रमतिको संख्या ५६१ पुग्यो, ३९९ जना निको भए

♦ भञ्ज्याङ समाचारदाता (दमौली)

तनहुँमा पछिल्लो समय दैनिक जसो समुदायका व्यक्तिहरूमा संक्रमण देखिन थालेको छ । गत शुक्रबार एकैदिन ४४ जनामा कोरोना संक्रमण पुष्टि भएसंगै संक्रमण जोखिम थप बढेको देखिएको छ । व्यास नगरपालिकामा शुक्रबार मात्रै ३३ जनामा संक्रमण पुष्टि भएसंगै दमौली बजार क्षेत्र कोरोना भाइरस संक्रमण जोखिम बढ्दै गएको छ ।

जिल्लामा शुक्रबार भेटिएका संक्रमितको संख्य अहिलेसम्मकै उच्च हो । बैंक, प्रहरी कार्यालय, औषधी व्यवसाय, कारागारका बन्दी सहित धेरै भिडभाडयुक्त ठाउँमा कार्यरत व्यक्तिमा संक्रमण देखिएको जिल्ला स्वास्थ्य कार्यालय तनहुँका प्रमुख शंकरबाबु अधिकारीले बताए ।

'बुझेकै मानिसहरूले बुझपचाएर लापरवाहीपूर्ण व्यवहार गर्दा अहिले संक्रमणको दर वृद्धि भएको छ', प्रमुख अधिकारीले भने, 'के गर्दा कोरोना संक्रमणबाट सुरक्षित भइन्छ भन्ने जानकार भएकै मानिसहरूको व्यवहार लारपाहीपूर्ण छ । राम्रोसंग मास्क नलगाउने, मास्क नलगाइकन मर्निङ्गवाक गर्ने, बजार तथा भिडभाडमा घुमफिर गर्ने, व्यवसायी, बैंक, मालपोत कार्यालय तथा अन्य भिडभाड हुने ठाउँमा स्वास्थ्य मापदण्ड पालना नगरी लापरवाही गरेका कारण व्यास नगरपालिकाको बजार क्षेत्रमा कोरोना संक्रमण जोखिम उच्च बनेको छ ।'

'जाने बुझेका मानिसहरूलाई घर बाहिर हिड्दा मास्क लगाउनुस् भन्दा खल्तिमा छ भन्ने, रिसाउने जस्ता व्यवहारपनि देखियो', उनले भने, 'कोरोना संक्रमण रोकथामका लागि सरकार तथा सरोकारवाला निकाय भन्दा पनि स्वायं व्यक्ति तथा व्यवसायी, बैंक तथा वित्तीय संस्था, मानिसको भिडभाड हुने सरकारी कार्यालयले पनि स्वास्थ्य सुरक्षाका सामाग्रि तथा भौतिक दुरी पालनामा सचेत बन्नुको विकल्प छैन ।'

यस्तै, मानिसहरूको लापरवाहीकै कारण बजार क्षेत्रमा कोरोना संक्रमण जोखिम बढेको व्यास नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख प्रमोद सोती बताउँछन्।

'नगरपालिकामा एकै दिन ३३ जनामा संक्रमण पुष्टि भयो, यो अहिलेसम्मकै उच्च संख्या हो', प्रमुख सोतीले भने, 'आज जतिपनि व्यक्ति संक्रमित देखिएका छन् ती व्यक्तिहरू मानिसहरूको बढि भिडभाड हुने क्षेत्रमा कार्यरत व्यक्ति भएकाले थप जोखिम बढेको छ।'

'स्वास्थ्य सुरक्षाका सामाग्रि तथा मापदण्ड पालनामा लापरवाही भयो', उनले भने, 'बैंक तथा वित्तीय संस्था, व्यापारी, व्यवसायी, मालपोत कार्यालय जस्ता सर्वसाधारणको भिडभाड हुने स्थानमा स्वास्थ्य मापदण्ड पालनामा जिम्मेवार र सचेत नबने कोरोना संक्रमण भयवह बन्ने खतरा बढेको छ ।'

'नगरपालिकामा शुक्रबार संक्रमण पुष्टि भएका व्यक्तिहरूको कन्ट्याक्ट ट्रेसिङ गरी संक्रमण फैलने जोखिमलाई न्यूनिकरण गर्ने प्रयासमा हामी लागेका छौं', स्वास्थ्य शाखा प्रमुख सोतीले भने, 'होम क्वारेन्टिनमा बस्ने तथा पीसीआर परीक्षणका लागि स्वाब नुमना दिएका मानिसहरू रिपोर्ट नआउँदै लापरवाहीपूर्ण व्यवहार गरी बजार डुल्ने जस्ता व्यवहारले थप जोखिम निम्त्याएको छ ।'



**स्वाब नमुना संकलन :** तनहुँको व्यास नगरपालिकाले कोभिड–१९ संक्रमितको कन्ट्याक्ट ट्रेसिङमा परेका नागरिकहरूको स्वाब नमुना संकलन गर्दै । नगरपालिकाको स्वास्थ्य शाखाले शनिबार ७३ जनाको स्वाब नमुना संकलन गरेको छ । *तस्विर : नारायण खड्का/भञ्ज्याङ*

भारत लगायत अन्य मुलुक, संक्रमण देखिएका क्षेत्रबाट आएका नागरिकले अनिवार्य रूपमा १४ दिन सुरक्षित रूपमा क्वारेन्टिनमा बस्नुपर्ने, घर बाहिर निस्कदा स्वास्थ्य सामाग्रिको प्रयोग, भौतिक दुरी कायम गर्ने, समय समयमा साबुन पानीले हात धुने तथा स्यानिटाइजरको प्रयोग गर्ने, स्वास्थ्य सुरक्षाका मापदण्ड पूर्णरूपमा पालना गर्न व्यास नगरपालिकाले आग्रह गरेको छ । चाडपर्व नजिकिएसंगै कोरोना संक्रमणको दर पनि बढ्दै जाँदा त्रासपूर्ण वातावरण सृजना भएको छ । मानिसहरूले कोरोना केही होइन् भन्ने सोचदै लापरवाही गर्दा जोखिम बढ्दै गएको छ ।

यस्तै, गण्डकी प्रदेश स्वास्थ्य निर्देशनालयले शनिबार सार्वजनिक गरेको विवरणमा ऋषिङ्ग गाउँपालिका–२ का २०, ऋषिङ्ग–४ का २१, ३१ वर्षका पुरूष र व्यास–४ का ७२ वर्षीय वृद्धमा संक्रमण पुष्टि भएको छ । यसैगरी जिपि कोइराला अस्पताल बेलचौताराका २७ वर्षीय एक जना पुरूष तथा २३, २९ वर्षका दुई महिलामा समेत संक्रमण भेटिएको निर्देशनालयले जनाएको छ ।

त्यस्तै, स्वास्थ्य कार्यालय तनहुँको विवरण अनुसार शनिबारसम्म तनहुँमा ९ हजार २६८ जनाको पीसीआर परीक्षण गरिएकोमा ५६१ जनामा संक्रमण पुष्टि भएको छ । संक्रमित मध्ये ३९९ जना निको भएर घर फर्किएका छन भने ५ जनाको मृत्यु भएको छ । जिल्लाका विभिन्न आइसोलेसनमा १५७ जना उपचाररत छन भने ४८ जना क्वारेन्टिनमा बस्दै आएका छन् ।

तपाईको शहर डुम्रेमा




खड्गमाई मोटर्स

प्रो. क्रमश श्रेष्ठ
बन्दीपुर-१, डुम्रे, तनहुँ
फोन : ०६५-५८०२५९, ९८४३३५३९१६

# व्यास नगरपालिकालाई रोटरी क्लवले दियो पीसीआर मेशिन

♦ भञ्ज्याङ समाचारदाता (दमौली)

जिल्लाको व्यास नगरपालिकालाई रोटरी क्लव इन्टरनेशनलले पोर्टेवल पीसीआर मेसिन उपलब्ध गराएको छ । नगरक्षेत्रभित्र समुदायमा कोभिड–



१९ संक्रमण देखिन थालेसंगै आपतकालिन अवस्थामा पीसीआर परीक्षण गर्न सहज बनाउने उद्देश्यले रोटरीले उक्त मेसिन हस्तान्तरण गरेको बताइएको छ।

पोखरामा शनिबार आयोजित एक कार्यक्रममा गण्डकी प्रदेशका प्रमुख अमिक शेरचनले व्यास नगर प्रमुख बैकुण्ठ न्यौपानेलाई तत्काल परीक्षण गर्न मिल्ने पोर्टेबल पीसीआर मेसिन हस्तान्तरण गरेका थिए ।

उक्त मेशिन नगरपालिकाले नै परीक्षणका लागि प्रयोग गर्ने कि दमौली अस्पताललाई जिम्मा दिने भन्ने विषय छलफलमै रहेको नगरपालिकाका प्रवक्ता मोहन कुमार श्रेष्ठले बताए । आपतकालिन अवस्थामा यो उपयोगमा ल्याइने छ । मेशिनले ३ घण्टामा ८ जनासम्मको नतिजा दिने बताइएको छ ।

यस्तै, नगरपालिकामै दक्ष्य स्वास्थ्य जनशक्तिबाट प्रयोगशाला सञ्चालन गर्न सकिने नगरपालिकाका स्वास्थ्य शाखा प्रमुख प्रमोद सोतीले बताए । उनले भने, 'गम्भिर प्रकृतिका बिरामीको तत्काल रिपोर्ट चाहिएको अबस्थामा मेशिन उपयोगी हुने देखिएको छ ।




भञ्ज्याङ पब्लिकेशन प्रा.लि.
दमौली, तनहुँ । फोन : ०६५-५६०९०७

खाना तयार गर्दा सुरक्षित स्वच्छ पानी र कच्चा पदार्थहरूको प्रयोग गरौं ।

# टन्सिलले निम्त्याउन सक्छ मुटुरोग

घाँटीमा व्याक्टेरियाको संक्रमणबाट टन्सिल हुने गर्छ । टन्सिललाई हामीले सामान्य रूपमा लिएर खासै उपचार गर्दैनौं । त्यही हेल्चेक्र्याईं नै पछि मुटु जस्तो संवेदनशील अङ्गमा जटिल प्रकारको रोग लाग्न सक्छ । यस्तो समस्यले धेरै मानिसको अकालमा ज्यान गुमाउनुपरिरहेको चिकित्सकले बताएका छन् । मुटुरोग विशेषज्ञ डा प्रकाशराज रेग्मी झण्डै ९९ प्रतिशत मानिसलाई उक्त कुराबारे थाहा नभएको दावी गर्नुहुन्छ । डा रेग्मी एक सय रूपैयाँमा उपचार हुने टन्सिलको सही उपचार नगर्दा तीनरलाखसम्म खर्च लाग्ने मुटुरोगको जटिल समस्याबाट प्रभावित हुने गरेको बताउनुहुन्छ । उहाँका अनुसार प्रायः यस्तो समस्या पाँचदेखि १५ वर्षसम्मका बालबालिकामा हुने गर्दछ ।

सोही समस्या मुलुकका विपन्न परिवारमा रहेकाले सोही विषयलाई चित्रण गर्दै उहाँले 'टन्सिलले विगारेको मुटु' नामक पुस्तक बजारमा ल्याउनुभएको छ। नेपाल हृदयरोग निवारण प्रतिष्ठानले आज काठमाडौँमा उक्त पुस्तकबारे गरेको अन्तरक्रियामा डा रेग्मीले आमनेपाली सचेत हुन सकुन् भन्ने उद्देश्यले पुस्तक प्रकाशित गरेको बताउनुभयो । उक्त समारोहमा शहीद गङ्गालाल राष्ट्रिय हृदयरोग उपचार केन्द्रका बाल–मुटु रोग विशेषज्ञ डा उर्मिला शाक्यले टन्सिल सामान्य रोग जस्तो लागे पनि यसको कारणले मुटुमा जटिल प्रकारको रोग लाग्न सक्ने तर्फ ध्यानाकर्षण गराउनुभयो। उहाँका अनुसार बालबालिकामा शुरूमा जिवाणुका कारण टन्सिल हुने र त्यो बिग्रिएपछि बाथ ज्वरो आउँछ । बाथले मुटुका मांसपेशी र भल्बलाई असर गर्छ । त्यो नै बाथ–मुटुरोग हो ।

जनस्वास्थ्य विज्ञ डा अरूणा उप्रेतिले उक्त डा रेग्मीको पुस्तक सर्वसाधारण नागरिकले मात्रै नभई हरेक स्वास्थ्यकर्मीले पढ्नै पर्ने धारणा राख्नुभयो । 'यो पुस्तकमा राजनेता वा चिकित्सकले नै रोगबारे वास्ता नगरेको वा थाहा नपाएको कुरा उल्लेख छ', पुस्तकमाथि टिप्पणि राख्दै डा उप्रेतीले भन्नुभयो, 'बाथ जोर्नीमा बस्छ, तर यसले मुटु खान्छ भन्ने कुरा किताबमा स्पष्ट रूपमा राखिएको छ ।' अग्रज साहित्यकार तुलसी दिवसले स्वास्थ्य जस्तो विषयगत मान्छेले लेखेको पुस्तकमा मानिसका संवेदनाहरू पत्रैपत्र उनेर पुस्तकाकारको रूपमा प्रस्तुत गर्ने शिर्जनशील कलाका लागि लेखकको प्रशंसा गर्नुभयो । उहाँले रोगबाट मानिसको जीवन जोगाउन डा रेग्मीले भौतिक रूपमा मात्रै नभई पुस्तकमार्फत समेत ठूलो योगदान गर्नु भएको स्मरण गर्नुभयो ।

साहित्यकार श्रीओम 'रोदन'ले लाखौँ मुटुको ढुकढुकी सुनेका डा रेग्मीले अक्षरमार्फत विरामी भएका, विरामी नभएका र उपचारमा संलग्न चिकित्सका लागि समेत पुस्तकमार्फत सचेत गराएको बताउनुभयो। बाथ–मुटुरोग गरिबी र अशिक्षाबाट प्रभावित बालबालिकाका लागि ठूलो समस्या हो। यस रोगका कारण नेपालमा वर्षेनी एक हजार बालबालिकाको ज्यान जाने गरेको जनाइएको छ । वार्षिक ८०० मानिसको यही रोगको कारणले मुटुको भल्भ फेर्नुपर्ने अवस्था रहेको छ । हजारौँ मासिन यस रोगबाट प्रभावित रहेका छन् ।




सामान्य टन्सिल रोगका कारण उत्पन्न हुने बाथ–मुटुरोग बारे मुलुकका ९९ प्रतिशतलाई जानकारी नभएर यो रोग छायामा परेकाले जनचेतना जगाउन पुस्तकका माध्यामबाट यो प्रयास गरिएको डा रेग्मी बताउनुहुन्छ। उक्त पुस्तकमार्फत डा रेग्मीले समाजका विपन्न वर्गका बालबालिकाको जटिल मुद्दालाई उठाउने प्रयास गर्नु भएको छ । पुस्तकमा उहाँले बाथ–मुटुरोगका विविध पक्षका बारेमा सरल भाषामा उल्लेख गर्नुभएको छ । पुस्तकमा नेपाली समाजको चित्र र रोगीको बेदना समेटिएको अन्तरक्रियाका सहिभागिको विचार थियो। केटाकेटी समयमा घाँटी दुख्ने र टन्सिल हुने अवस्था आउँछ। टन्सिल र बाथका कारण बालकालिकाको मुटुलाई कसरी क्षति पुऱ्याउँछ र यसबाट कसरी बच्न सकिन्छ भन्ने कुरा मिहिन ढङ्गले पुस्तकमा प्रस्तुत गरिएको छ । उक्त पुस्तक विद्यार्थी, शिक्षक, सामाजिक व्यक्ति, राजनीतिज्ञ मात्रै नभइ स्वयं स्वासथ्यकर्मीका लागि समेत उपयोगी रहेको जनाइएको छ।

एक जना मुटु रोगबाट प्रभावित भई डा रेग्मीबाट उपचार सेवा लिनु भएकी विजया नापितले 'टन्सिलले बिगारेको मुटु' पुस्तक आफ्नै जीवनसँग मेल खाने रहेको उल्लेख गर्दै स्वास्थ्यमा बेलैमा ध्यान दिन सके रोगबाट बच्न सकिने धारणा राख्नुभयो। नेपाल हृदयरोग निवारण प्रतिष्ठानका संस्थापक कोषाध्याक्ष डा खेम कोइरालाले उक्त पुस्तकको बिक्रीबाट आएको रकम बाथ मुटु रोग रोकथामका लागि स्थापित अक्षयकोषमा जम्मा हुने जानकारी दिनुभयो । विगत ३३ वर्षदेखि मुटु रोगको उपचारमा संलग्न डा रेग्मीका झण्डै एक दर्जन पुस्तक प्रकाशित छन् । उहाँले २०५४ सालबाट पुस्तक प्रकाशन थाल्नु भएको थियो । रासस

# मृत्युदण्डको माग गर्नु बचकाना हो

## 'भारतमा मृत्युदण्ड दिइन्छ, तर बलात्कार घटेको छैन'

नेपालको संविधानमा मृत्युदण्डको प्रावधान छैन । तर, संघीय सांसदहरूले नै बलात्कारीलाई मृत्युदण्ड दिने कानुनको माग गर्न थालेका छन् । संसदीय समितिमा बलात्कारीको लिंग छेदन गर्ने कि मृत्युदण्ड दिने बहस हुन थालेको छ । यसै सन्दर्भमा हामीले २०४७ सालको संविधानमा मृत्युदण्डको प्रावधान किन हटाइयो भन्नेबारे संविधान निर्मातामध्येका एक, दमननाथ ढुंगानासँग जिज्ञासा राख्यौं । पूर्वसभामुख एवं मानवअधिकारवादी नेतासमेत रहेका ढुंगाना अहिले पनि नेपालमा मृत्युदण्डको कानुन बनाउन नहुने अडानमा दृढ छन् ।

**आखिर किन त ?**

प्रस्तुत छ, मानवअधिकारवादी नेता, पूर्वसभामुख एवं २०४७ सालको संविधानका मस्यौदाकारमध्येका एकजना सदस्य ढुंगानासँग अनलाइनखबरले गरेको कुराकानी, ढुंगानाकै शब्दमा :

पञ्चायतकालमा बनेको २०१९ सालको संविधानमा 'कानुनबमोजिमबाहेक मृत्युदण्ड दिइने छैन' भनिएको थियो । तर, व्यवहारमा त्यो लागु भएन । दुर्गानन्द झा, भीमनारायण श्रेष्ठ, क्या. यज्ञबहादुर थापालगायतलाई मृत्युदण्ड दिइयो । अतिरिक्त न्यायिक हत्या भन्दै कांग्रेस–कम्युनिस्टलाई मार्ने काम भयो ।

२९ वर्ष लामो पञ्चायती व्यवस्था अन्त्य गरेर २०४६ सालको राजनीतिक परिवर्तन सम्भव भयो । त्यतिबेला जनआन्दोलनको भावनाबमोजिम पनि लोकतन्त्रसम्मत्, मानवअधिकारसम्मत् संविधान बन्नुपर्छ भन्नेमा जोड थियो। २०१९ सालको भन्दा भिन्न संविधान बनाउनुपर्छ भन्ने पनि भयो ।

मानवअधिकारले मृत्युदण्डजस्ता प्रतिशोधी व्यवस्थालाई इन्कार गर्दछ। एमनेस्टी इन्टरनेसनलले यस्तो सजायलाई क्रुर, अमानवीय, अपहेलनाजनक र त्याज्य भन्दै आएको छ । २०४७ सालको संविधानमा मृत्युदण्ड राख्नुहुँदैन भन्नेमा हामी एक मत थियौं ।

भारत, अमेरिकाजस्ता देशमा अझै पनि यस्तो सजाय राखिएको छ । चीनमा सबैभन्दा बढी मृत्युदण्ड हुन्छ भनिन्छ । इस्लामिक देशहरूमा यौन अपराधमा पनि मृत्युदण्डको सजाय हुन्छ । इरान, सिंगापुरलगायतका देशमा ड्रग्समा पनि यस्तो सजाय दिइन्छ । कतिपय देशले सुरूमा संविधानमा राखेको हुनाले हटाउन सकेका छैनन् । जनमत विभाजित हुने विषयमा राजनीति गर्नेहरूले जोखिम मोल्न चाहेको देखिँदैन ।

यद्यपि, मृत्युदण्ड नराख्ने देशहरूको संख्या पनि बढ्दै गएको छ । बेलायतले सन् १९६५ देखि नै मृत्युदण्ड हटायो । दक्षिण अफ्रिकाले १९९५ को परिवर्तनपछि यस्तो व्यवस्था नराख्ने निर्णय गऱ्यो । रंगभेदविरोधी आन्दोलनबाट आएका नेल्सन मण्डेला मृत्युदण्डको विपक्षमा देखिए ।

सन् १९७७ मा एम्नेष्टी इन्टरनेसनलले मृत्युदण्ड विरोधी अभियान सुरू गर्दा जम्मा १६ वटा देशमा यस्तो सजाय थिएन । अहिले १०६ वटा देशमा मृत्यदण्ड दिन पाइँदैन । मृत्युदण्ड हटाउनुपर्छ भन्ने विश्वव्यापी अभियान छ । यो मानवअधिकार आन्दोलनकै एउटा अभियान हो । कसैले अपराधीलाई थुनेर राख्नुभन्दा मृत्युदण्ड दिँदा राज्यको खर्च घट्छ भन्ने तर्क गर्छन् । यस्तो सजाय दिएपछि अपराध घट्छ भन्ने पनि गरिन्छ । तर, अध्ययनहरूले भने अपराध घट्छ भन्ने देखाएको छैन ।

गत चैतमा निर्भया सामूहिक बलात्कार र हत्यामा दोषी देखिएका चारजनालाई भारतमा फाँसी दिइयो । एकजनाले जेलमै आत्महत्या गरे भने अर्को उमेर कम भएकाले बाँचे । सन् २०१२ मा २३ वर्षीय निर्भयामाथिको ज्यादती हेर्दा जोकोहीलाई फाँसीको सजाय जायज हो भन्ने लाग्नु अस्वाभाविक होइन । तर, मृत्युदण्डले बलात्कार रोकिँदैन रहेछ भन्ने उदाहरण भारत स्वयं हो। अपराधीको ज्यान लिँदैमा अपराध घट्दो रहनेछ ।

नेपाली सन्दर्भमा भन्नुपर्दा अपराध हुनुको गहिराइमा पुग्नुपर्ने आवश्यकता देख्छु । मेरो विचारमा अपराधका पछाडि आर्थिक, सामाजिक, मानसिक कारणहरु छन् । घरभित्र, घरबाहिर हुने शोषण, बेरोजगारी, कुशासन जस्ता कारणले अपराध हुँदोरहेछ । अर्को कुरा, नेपालमा मात्रै होइन, जुनसुकै देशमा युद्धपछि ठूलो संख्यालाई आघात पर्दोरहेछ । हामीले अहिले जतिलाई युद्धपीडित भनिरहेका छौं, त्यसको तुलनामा निकै ठूलो संख्या ट्रमामा परेका हुन्छन् ।



♦ **दमननाथ ढुंगाना** (पूर्वसभामुख)

हामी युद्धमा प्रत्यक्ष जोडिएकालाई मात्रै युद्धपीडित भन्छौं तर मानसिक रूपमा विचलीत हुनेको संख्या ठूलो हुन्छ । द्वन्द्व पछाडि प्रायः सबै देशले मानसिक अस्पतालको संख्या थप्छन् । मनोपरामर्श बढाउँछन् । तर, हामीकहाँ त्यस्तो केही पनि भएन । मानसिक विचलनले अपराध बढाउँछ नै । संरचनागत हिंसा हुने देशमा बलात्कारको घटना बढ्यो भनेर मृत्युदण्ड दिन खोज्नु बचकना हुन्छ । किनभने यस्तो सजाय निर्धारण गर्नुअघि यौन हिंसाको भित्री कारण के हो, त्यो पत्ता लगाउन लाग्नुपर्छ । पर्याप्त अध्ययन, अनुसन्धान हुनुपर्छ । पीडकहरु कुन उमेर समूह, कस्तो सामाजिक–आर्थिक पृष्ठभूमिका छन् भन्नेल गायतका कुरालाई मिहीन ढंगले केलाउनुपर्छ ।

हाम्रो उद्देश्य भनेको अपराध घटाउनु हो। तर, यस्तो सजायँ भए पनि आपराधिक प्रवृत्ति घटेको पाइँदैन । अपराध विज्ञान र तथ्यांकहरूले भन्छ, मृत्युदण्डले अपराध घटाएको छैन, घटाउँदैन । हाम्रा सांसदहरूले पनि अहिले मृत्युदण्डको माग गरिरहेका छन्। तर, यो समाधानमुखी रूपमा आएको होइन । उहाँहरु समस्याबाट भाग्ने मनशायले यस्तो माग गरिरहनुभएको छ । यो पलायनवादी सोच हो । यस्तो सजाय सजिलोका लागि होला, तर समाधानका लागि होइन । यसको दीर्घकालीन समाधान भनेको अपराधको जरोमै पुगेर त्यसलाई उन्मूलन गर्ने हो ।

सामाजिक, आर्थिक विभेदले अपराध निम्त्याउँछ । पटक–पटक आमूल परिवर्तन भए, तर सार्वसाधारणको जीवनमा केही पनि परिवर्तन आएन । बरू झनै निराशा बढायो। निराशाले आपराधिक प्रवृत्ति पनि बढाउँछ । मन वेचैन भएपछि अनेक किसिमका अपराध हुन सक्छन् ।

स्वीडेन, आइसल्याण्ड, फिनल्याण्ड, डेनमार्कलगायतका स्क्यानडेभियन देशमा अपराध दर कम हुनुको कारण पनि यही हो। अमेरिकाकै कुरा गरौं, त्यहाँ विभेद छ, अपराध पनि छ । उनीहरु गोरैगोराको समाज (होमोजेनियस सोसाइटी) देख्न चाहन्छन् । गोराबाहेकका एसियन, अफ्रिकनलाई विभेद गर्छन् । विभेदले अपराध जन्माउँछ । कुनै देशमा निश्चित रंग वा जातिको मान्छे बस्न पाउने वा नपाउने भन्ने कुराले हिंसाको संस्कृतिलाई बढावा दिन्छ । मिलेर बस्छन्, कानुन मानेर बस्छन् भने त किन चाहियो होमोजेनियस सोसाइटी ?

हाम्रो देशमा पनि अपराधको प्रमुख कारण आर्थिक–सामाजिक हो । बलात्कारजस्ता अपराध पनि यसबाट अलग छैनन् । छुवाछुतको समस्या छ, महिलामाथि हुर्काइदेखि नै विभेद छ । हाम्रो समाजले महिलालाई निर्धोजस्तो संस्कार दिइरहेको छ । यौन शिक्षाबाट बञ्चित गरिन्छ । मृत्युदण्डले बलात्कार घट्दैन । त्यसो भए के गर्ने त ? भन्दा, गरिबी घटाउने। विभेद हटाउने ।

जसरी हुन्छ, यस्तो अपराध हुन दिनुहुँदैन भन्ने जनमत निर्माण हुनु राम्रो हो । यस्तो प्रवृत्तिविरूद्ध निन्दा, भत्सर्ना गर्नु एकदमै राम्रो हो । समाजले त्यस्ता घटनाको पुनरावृत्ति नहोस् भनेर खबरदारी गरेको निकै सकारात्मक कुरा हो । विगतमा अनकन्टारमा यस्ता अपराध लुकेर बस्थे । अहिले मिडियाले बाहिर ल्याएको छ। यसमा मिडियाको भूमिका सह्रानीय छ । बलात्कारजस्तो अपराध पनि पञ्चायतीमा मिलाउने कुरा गैरकानुनी हो भनेर मिडियाले सार्वजनिक गरिदिएको छ । त्यसविरूद्ध जनमत बनेको छ, जुन धेरै राम्रो हो ।

तर, के गर्दा चाहिँ घट्छ त ? भन्ने पनि ठण्डा दिमागले सोच्नुपर्छ । लिंग छेदन गर्ने, नपुंसक बनाउने, मृत्युदण्ड दिने माग आएका छन् । आँखा फुटाउनेको आँखै फुटाउने, कान काट्नेको कानै काट्ने भन्ने सजायले अपराध घट्दैन । अन्तर्राष्ट्रिय सन्धि सम्झौतामा गरेको प्रतिवद्धता अनुसार पनि हामी मृत्युदण्डमा जान मिल्दैन । जस्तो पञ्चायती बोलाएर अपराधीलाई मिलापत्र गराउने जनप्रतिनिधि वा समाजका जान्ने–सुन्ने भन्ने व्यक्तिहरु नै छन् । अपराधी पनि कुनै न कुनै दलमा आवद्ध हुन्छन् । उसलाई सजाय गरेर भोट घटाउन नेताहरु चाहँदैनन्।

बलात्कारविरोधी चेतना बढेको एकदमै राम्रो हो । तर, यसले मात्रै अपराध घट्दैन। त्यसकारण विद्यमान कानुन अनुसार सजाय गर्ने र आर्थिक–सामाजिक सुधार गरेर विभेद अन्त्य गर्नुपर्छ । मेरो विचारमा यही नै हो दीर्घकालीन समाधान । मृत्युदण्ड राख्नुहुँदैन।

*सा. अनलाइनखबर डटकम*




## तनहुँ जिल्लाका महत्वपूर्ण टेलिफोन

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय - ५६०१३३ | एम्वुलेन्स व्यास न. हस्पिटल : ९८४६१३१०२६ |
| जिल्ला समन्वय समिति - ५६०१७४ | थर्पु हे.पो. एम्बुलेन्स - ९८४६४०२९९४ |
| जिल्ला प्रहरी कार्यालय -५६०१९९/१०० | एम्बुलेन्स, आँवुखैरेनी - ९८४६७४६२२२, |
| व्यास नगरपालिका, दमौली - ५६०२३३ | आँवु इमरजेन्सि एम्बुलेन्स ९८४६७४६२४४ |
| नेपाल रेडक्रस सोसाइटी - ५६०१६९ | नेपाल विद्युत प्राधिकरण(मर्मत)- ५६०१७६ |
| दमौली अस्पताल, दमौली - ५६०२०३ | नेपाल विद्युत प्रा.(सव स्टेशन) - ५६०१९२ |
| रत्नहरी मे. अस्पताल, दमैली, - ५६०१०२ | एम्वुलेन्स युवा क्लव भिमाद ९८१६११८१०० |
| नेशनल एपोलो हस्पिटल - ५६१८११ | टिकट काउण्टर (माइक्रो), ५६०९०६ |
| एपोलो एम्बुलेन्स ९८४६४३५६११ | नेपाली कांग्रेस तनहुँ - ५६०३७५ |
| लक्ष्मी अस्पताल, डुम्रे - ५८०००७ | नेकपा तनहुँ - ५६०१३४ |
| जीपी कोइराला रा.स्व.प्र.उ.के. ५७०४५५ | आ.क.भा.भ.क्याम्पस, दमौली - ५६००९६ |
| व्यास नगर हस्पिटल : ५६१८१२ | भानुभक्त क्याम्पस, खैरेनीटार- ५७०२४० |

## तपाईंको आज

**मेष** (चु,चे,चो,ला,लि,लु,ले,लो,अ)
पछिका लागि केही वस्तु त्याग्नुपर्ला। मिहिनेतीहरूका लागि दिन फलदायी रहनेछ ।

**वृष** (इ,उ,ए,ओ,वा,वी,वू,बे,बो)
परिस्थितिवश आँटेको काममा विलम्ब हुनेछ । सहयोगीहरूले बीचैमा हात झिक्न सक्छन् ।

**मिथुन** (का,की,कू,घ,ङ,छ,के,को,हा)
पहिलेका कमजोरीले केही समस्या उब्जाए पनि सोचेको काम सम्पादन गर्न सकिनेछ ।

**कर्कट** (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)
वैधानिक प्रावधानले लक्ष्यमा पुग्न अप्ठ्यारो पार्नेछ । अधिकारका लागि सजग रहनुपर्ला ।

**सिंह** (मा,मो,मु,मे,मो,टा,टी,टु,टे)
ज्ञान र कलालाई निखार्ने अवसर प्राप्त हुनेछ । आत्तिने बानीले बोलीको गलत अर्थ लाग्न सक्छ

**कन्य** (टो,पा,पी,पू,ष,ण,ठ,पे,पो)
लगानीतर्फ लागत बढ्नेछ । आफ्नो लाभांशमाथि अरूले दाबी–विरोध गर्न सक्छन् ।

**तुला** (रा,री,रू,रे,रो,ता,ती,तु,ते)
आम्दानी रोकिनाले केही योजना स्थगन हुन सक्छन् । काम बिग्रने भयले पनि सताउनेछ ।

**वृश्चिक** (नो,ना,नी,नु,ने,नो,या,यी,यू)
अस्वस्थताले आफूलाई कमजोर भएको अनुभूति हुनेछ । अरूको विश्वास गर्दा धोका हुन सक्छ।

**धनु** (ये,यो,भा,भि,भु,धा,फा,ढ,भ)
विशेष भेटघाटले काममा उत्साह बढाउला । आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ ।

**मकर** (भो,जा,जी,खी,खु,खे,खो,गा,गी)
आँटले काम लिन नसक्दा केही पछि परिनेछ । समयको तालमेल नमिल्दा योजना अधुरै रहनेछ ।

**कुम्भ** (गु,गा,गो,सा,सी,सू,से,सो,दा)
बिछोडिएका आफन्तसँग रमाइलो भेटघाट हुनेछ । व्यापारको बहानामा रमाइलो यात्रा हुनेछ ।

**मीन** (दि,दु,थ,झ,ञ,दे,दो,चा,ची)
लगनशीलताले दिगो फाइदा दिलाउन सक्छ । टाढिएका आफन्त नजिकिनेछन् ।

# माछा, मासु र दूधमा आत्मनिर्भर हुन कठिन

♦ रासस (काठमाडौं)

कोरोना भाइरसले माछा, मासु र दूधमा आत्मनिर्भर हुन कठिन देखिएको छ । सरकारले केही वर्षभित्रै ती दूध, माछा र मासुमा आत्मनिर्भर हुने लक्ष्य लिए पनि तत्काल पूरा हुने नदेखिएको हो । गैरआवासीय नेपाली संघले आयोजना गरेको दोस्रो विश्व ज्ञान सम्मेलनमा 'कोरोनापछि पशुपालनको मुद्दा र समाधान' कार्यपत्र प्रस्तुत गर्दै पशु सेवा विभागका निर्देशक बंशी शर्माले माछा, मासु, दूध र अण्डामा आत्मनिर्भर नजिक देखिए पनि कोभिडले असर पुऱ्याएको बताउनुभयो । कूल ग्राहस्थ उत्पादनमा पशुपालन क्षेत्रको योगदान १३ प्रतिशत छ । कृषि क्षेत्रमै पशुपक्षीको योगदान ३० प्रतिशत छ । साठी प्रतिशत कृषक पशुपालन क्षेत्रमा संलग्न छन् ।

निर्देशक शर्माले पशुपालन क्षेत्र ग्रामीण अर्थतन्त्रको मेरूदण्ड भएकाले सरकारले पशुपालन क्षेत्रलाई प्राथमिकता दिँदै आएको बताउनुभयो। "व्यावसायिक पशुपालन गर्न सक्दा गरिबी निवारण र रोजगारी सिर्जनामा यसले महत्वपूर्ण योगदान पुऱ्याउँछ", उहाँले भन्नुभयो। कोभिड–१९ ले दूधमा पूर्णरूपमा असर पुगेको छ। माछा खाने संस्कृति पनि कम भएको छ। निर्देशक शर्माले पशुमा लाग्ने रोग खोरेत, पिपिआरलगायत निर्मूल पार्न सरकार लागि परेको बताउनुभयो। व्यावसायिक पशुपालनको विकासका लागि केन्द्र, प्रदेश र स्थानीय तहको समन्वयमा काम गर्न सके पशुपालन क्षेत्रले अर्थतन्त्रमा ठूलो योगदान दिने बताइएको छ ।

निर्देशक शर्माले गरिबीका कारण माछा, मासु र दूधको उपयोग बढ्न नसकेको बताउनुभयो । पछिल्लो समयमा कोभिडले मासुको उपयोग झन् घटाएको र दूधको बिक्री हुन नसक्दा पाउडर बनाउनुपर्ने अवस्था आएको बताउनुभयो । सरकारले उत्पादन बढाउन पशु चौपायाको कृत्रिम गर्भाधानसमेत गराउँदै आएको छ।

**कृषि उत्पादन अन्तर्राष्ट्रिय बजारसम्म पुऱ्याइने**

नेपाली कृषि उत्पादन विश्व बजारसम्म पुऱ्याइने भएको छ । नेपालको अर्ग्यानिक उत्पादनको विश्व बजारमा माग बढ्दै गएकाले उत्पादन विश्वबजारसम्म पुऱ्याउने तयारी भएको हो । सम्मेलनका क्रममा 'कृषि उत्पादन र बजारीकरण' प्यानल छलफलका क्रममा बोल्ने वक्ताहरूले कृषि उत्पादन बढाएर अन्तर्राष्ट्रिय बजारसम्म पुऱ्याउन सरोकारवाला निकायले ध्यान दिनुपर्ने वक्ताहरूले बताए ।

विषादी तथा एन्टिबायोटिकको प्रयोग बढिरहेकामा चिन्ता व्यक्त गर्दै अर्गानिक खेतीमा ध्यान दिनसके स्वदेश तथा विश्व बजारमै बिक्रीको समस्या नहुने वक्ताहरूले उद्घोष गरेका छन् । उद्योगी पवन गोल्यानले कृषि क्षेत्रमा पछिल्लो समयमा प्राथमिकता दिएको बताउनुभयो । दुईतिहाइ किसान कृषिमै रहेकाले देशको लागि केही गर्न कृषि क्षेत्रमा जोडिएको उहाँको भनाइ छ। "गाउँगाउँमा गएर अर्ग्यानिक खेती पनि सिकाउँदैछौँ", उहाँले भन्नुभयो, "विषादी खाद्यवस्तु खाएर धेरै बिरामी परेको अवस्था छ ।"

गोल्यानले २५ वटा गाउँमा अर्ग्यानिक जैविक मल र जैविक खेती गरी बिक्री गर्न नसक्ने किसानको वस्तु आफैँ किनिदिने गरेको बताउनुभयो । बजारीकरण महत्वपूर्ण विषय भएको भन्दै उहाँले नेपाल र विदेशमा बजारीकरण गर्न ध्यान दिनुपर्ने बताउनुभयो । एग्रो प्रोसेसिङ इण्डष्ट्रिमा हात हालेर सरकार तथा निजी क्षेत्रले बजारीकरणमा काम गर्नुपर्ने उहाँले बताउनुभयो । तालिम दिएर नेपाली श्रमिकलाई दक्ष बनाउनुपर्ने र विदेशी श्रमिक विस्थापित गर्दै जानुपर्ने उहाँको भनाइ छ ।

सरकारले रिटर्नी माइग्रेनलाई रू १० लाखसम्मको सहुलियत कर्जा बिनाधितो पाँच प्रतिशत ब्याजमा दिने व्यवस्था गरेको छ । एनएमबी बैंकका अध्यक्षसमेत रहनुभएका गोल्यानले सहुलियत कर्जामा उच्च प्राथमिकता दिएर विदेशबाट फर्केकालाई उद्यमी बनाउन लागिपरेको बताउनुभयो । निम्बस ग्रुपका कार्यकारी निर्देशक दिनेश गौतमले कृषिजन्य वस्तुको निर्यातमा प्राथमिकता दिइरहेको बताउनुभयो। किसानसँग प्रत्यक्षरूपमा जोडिएर फार्मिङ सञ्चालन गरी कृषिमा प्रत्यक्ष काम गरिरहेको उहाँले बताउनुभयो । खाद्यबाली धान, गहुँ र मकैको जिडिपीमा ठूलो योगदान दिएकाले यसको उत्पादन बढाउन सबै जागरूक हुनुपर्ने उहाँले भनाइ थियो । किसानलाई बजार, बिक्री, कर्जा, ढुवानी, भण्डारण र बीमामा सहयोग गर्न सके कृषि उत्पादन बढ्ने र बजारीकरण हुन थप सघाउ पुग्ने उहाँको भनाइ छ ।

कञ्चनजङ्गा टि स्टेटका निर्देशक शान्ता कोरोइराला बाँस्कोटाले साना किसानलाई उत्पादनमा जोड्न ध्यान दिएको बताउनुभयो । उहाँले अर्ग्यानिक उत्पादनको विश्वबजारमा माग बढ्दै गएको बताउनुभयो । कञ्चनजङ्गा टि स्टेटले सन् २००२ देखि नै अर्गानिक उत्पादन गर्दै आएको छ । "हामी विभिन्न देशको गुणस्तर मापन गरी उत्पादन गर्ने गरेकाले बिक्री समस्या छैन् ।" नेपाली उत्पादन अन्तर्राष्ट्रिय बजारमा पुऱ्याउन सरकारले निर्यातमा सहजीकरण गर्नुपर्छ । व्यापक मात्रामा उत्पादनका लागि लगानी आवश्यक पर्ने भएकाले सरकारले त्यसतर्फ ध्यान दिनुपर्ने उहाँको भनाइ छ ।


## के तपाई सुपथ मूल्यमा गुणस्तरीय हार्डवेयरका सामाग्रिको खोजीमा हुनुहुन्छ ? अब हामीलाई सम्झनुहोस्

प्रो. कृष्ण अधिकारी
०६५-५९०१११, ९८०१३०३००९

प्रो. विरेन्द्र पौडेल
९८४६२४३४१०, ९८४६३७१७६५

## होम हार्डवेयर प्रा.लि.

व्यास-२, वागबजार, दमौली, तनहुँ

**हाम्रा सेवाहरू**

१) एशियान पेन्टस । २) प्लाई एभरेष्ट डोर्सको तनहुँ, लमजुङ, गोरखाको मुख्य खुद्रा तथा होलसेल बिक्रेता । ३) विजुली तथा वाइरिङ्का सामानहरू। ४) बेनेकार्डो ब्राण्डका वाथरूम फिटिङ्स् एण्ड सेनेटरीका सम्पूर्ण सामानहरू पाइन्छ

**हार्डवेयरका सामाग्रि खरिदमा विशेष छुटको व्यवस्था**


# अजरबैजान र अर्मेनियाबीच युद्धविराम

♦ रासस/एएनआई (मस्को)

अजरबैजान र अर्मेनियाबीच शनिबार युद्धबिरामका विषयमा सहमति भएको बताइएको छ । यी दुई देशबीच युद्धविरामको सम्झौता भएको र शनिबारदेखि युद्धविराम लागू हुने रूसी विदेश मन्त्रीले जानकारी दिनुभएको हो । रूसी राजधानी मस्कोमा गएको करिब १० घण्टासम्म यी दुई देशबीच वार्ता भएको थियो । उक्त वार्तापछि युद्धबिरामको सहमति भएको रूसी विदेशमन्त्री सेर्गेई लाभरोभले जानकारी दिनुभएको समाचारमा जनाइएको छ। अब यो युद्धविरामसँगै हालैका दिनमा त्यहाँ जारी रहेको समस्याको समाधानका लागि पनि अब दुई मुलुकले ठोस वार्ता गर्ने भएका रूसी विदेशमन्त्री लाभरोभले जानकारी गराउनुभएको हो ।

यी दुई देशका बीचमा दशकौँ देखि भूमीसम्बन्धी विवाद रही आएको छ । यी दुई मुलुकबीच पछिल्लो समय सेप्टेम्बर २७ मा युद्ध भड्किए पछि आक्रमण जारी रहेको छ । हिमाली क्षेत्र नोगोर्नो काराबाखलाई लिएर पछिल्लो समयमा यी दुई देशबीच भएको युद्धमा परेर करिब चार सय जनाले ज्यान गुमाएका पनि पछिल्लो प्राप्त समाचारमा जनाइएको छ । काराबाख क्षेत्रमा युद्ध बढ्दै गएपछि विश्व समुदायको ध्यान त्यसतर्फ पुगेको थियो । त्यहाँ युद्ध भने जारी छ ।

त्यस युद्धको अन्त्यको पहलस्वरूप रूसले मध्यस्थता थालेको थियो । शनिबार पनि रूसकै पहलमा यी दुई देश युद्धविरामका लागि तयार भएका हुन् । अर्मेनियामा रूसको सैन्य आधार शिविर पनि रहेको बताइएको छ । त्यस्तै अजरबैजानसँग पनि रूसको सम्बन्ध रहेको बताइएको छ । विवादास्पद नागोर्नो काराबाख क्षेत्र अजरबैजानको भूमि हो । तर त्यो क्षेत्र लामो समयदेखि नै अर्मेनियाको जातीय समुहको नियन्त्रणमा रही आएको छ। सोही क्षेत्रलाई लिएर यसअघि पनि सन् १९९१ देखि १९९४ सम्म दुई मुलुकबीच युद्ध भएको थियो । त्यस युद्धमा हजारौँ नागरिकको ज्यान गएको थियो ।


## खुसीको खबर ! खुसीको खबर !! खुसीको खबर !!!

**समाजिक दुरी कायम गरी उपचार सेवा दिइने छ ।**

**हाम्रा उपलब्ध सेवाहरू :**

१) मेडिकल अफिसरद्वारा दैनिक विरामी जाच गरिन्छ ।
**२) प्याथोलोजी ल्याब:-** रगत दिशा पिसाब सम्बन्धी सम्पुर्ण जाच तथा सुगर, प्रेसर, मुटु सम्बन्धी र ४० वर्ष उमेर काटेका महिला तथा पुरूषहरूको - lipid profile - RFT - HIV, HCV, VDRL, - Lft - TFT - TPHA, - Calcium - Hba1ac, - Full body check up गरिन्छ ।, ३) भिडियो एक्सरे सेवा, ४) ईसिजी मुटुको जाच सेवा, ५) नेबुलाइजर बाफ सेवा, ६) OBSERVA-TION सेवा, ७) PLASTER सेवा, ८) घाउ DRESING वा SUTURING सेवा, **९) गुणस्तरीय फार्मेसी सेवा :-** १०) प्रत्येक हप्ता शनिबार बिशेषज्ञ डाक्टरद्वारा बिभिन्न रोगका बिरामीहरूकोको जाच ।

**नोट : फोनबाट पनि नाम टिपाउन सक्नुहुनेछ ।**

## मिर्लुङ्ग पोलिक्लिनिक प्रा.लि.

व्यास-२, दमौली तनहुँ । फोन : ०६५-५६१५७८, ९८४६०६२४६५






## सुन्दर अटो वर्क्स

दुलेगौंडा (यामाहा शोरूम)
फोन : ०६५-४१४२२१, ९८५६०३५९२१, ९८०५८८४२९०


## कृषि सामाग्रि बिक्री केन्द्र सञ्चालन सम्बन्धी सूचना

यस श्री शुभकामना बहुउद्देश्यीय सहकारी संस्था लि. का लागि **'कृषि सामाग्रि बिक्री केन्द्र'** सञ्चालन गर्न **दुलेगौंडा बजार क्षेत्रदेखि खैरेनीटार बजार क्षेत्रसम्म पृथ्वीराजमार्ग वा २०० मिटर भित्रसम्म** पर्ने मापदण्ड अनुसारको बाटो भएको कम्तिमा १ (एक) रोपनी जग्गा वा कम्तिमा १५०० स्क्वायर फुटको भवन भाडामा दिने मनसाय भएका जग्गा/घर धनीहरूले आफुले लिन मञ्जुर मासिक जग्गा भाडा दर वा घरभाडा दर सहित जग्गाधनी प्रमाणपूर्जाको फोटोकपी, नक्शापास वा अभिलेखिकरण गरेको प्रमाणपत्र र नागरिकताको फोटोकपी सहित **१५ दिन** भित्र यस कार्यालयमा निवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**श्री शुभकामना बहुउद्देश्यीय सहकारी संस्था लि.**

शुक्लागण्डकी-४, दुलेगौंडा, तनहुँ



जि.का.कास्की द.नं. ११/२०३९/०४०, जि.प्र.का. तनहुँको स्वीकृत मिति: २०५९/०३/२४, त.जि.हु.द.नं. १०, ०६३/६४
२०७७ असोज २५, आइतबार
October 11, 2020



**कृष्टिनाको अनलाइन कक्षा** : तनहुँको शुक्लागण्डकी नगरपालिका-७ काउरेकी कृष्टिना सिग्देल घरमै अनलाईन प्रविधिबाट पढ्दै । दुलेगौडा स्थित पञ्चमुनिदेव माध्यमिक विद्यालयको कक्षा-२ मा अध्ययनरत कृष्टिना कोरोना कहरका कारण विद्यालय नखुलेपछि घरमै अभिभावकको मोबाइल मार्फत अनलाईन कक्षामा जोडिएर पढ्दै आएकी छन् । *तस्विर : नारायण खड्का/भञ्ज्याङ*

## facebook twitter



**दिपक राज गिरी**
twitter.com/deepakraj2016
दूधले फ्रिजको चिसो सहे पछि मात्रै दही बन्छ । दहीले पनि मदानीले दिएको चोट सहेपछि मात्रै नौनि बन्छ, नौनीले पनि आगोको प्रचण्ड ताप सहे पछि मात्रै मूल्यवान ध्यू बन्छ, त्यसरी नै जीवनमा पनि त्यहि ब्यक्ति महान बन्छ जस्ले अनेकौ कष्ट र पिडा झेल्न सक्दछ (धर्मशास्त्र)



**मदन खरेल**
twitter.com/Madankkharel
बढी बोल्नु, भावना पोख्नु त्यति खराब हैन जति खराब बोल्दै नबोल्नु हो, बोल्नु मन मन खोल्नु हल्का हुनु हो, नबोल्नु मानसिक भार वहन गर्नु हो ! यसर्थ स्वस्थ,शभ्य र शिष्ट ढङ्गवाट आफ्ना विचारहरू साँटौ, मित्रताको भाव बाडौं !



**रेनुका थापा**
twitter.com/renu_th2020
मानवनिर्मित उचाई चढ्दैमा मान्छे उचाइमा पुगेको हुदैन, राम्रो कहलिन त मान्छेले जिन्दगीभर स्वाभिमान, कर्तव्य र नैतिकताको धरहरा चढ्न सक्नुपर्छ !



**दिपक प्याकुरेल**
twitter.com/DipakPyakurel8
बास्तबमा जीवन भन्नु नै अभाव, दबाब र जोखिम रहेछ जसलाई सहजरूपमा पार लगाएर बाच्नु पर्ने...

# जलवायु परिवर्तन अनुकुलन सम्बन्धी गोष्ठी

♦ **डिपी अधिकारी** (डुम्रे)

तनहुँको भानु नगरपालिका-१ को कल्याणटार स्थित परिवर्तनशील महिला सामुदायिक बिकास समाजले हरियो वन कार्यक्रमको सहयोगमा रैथाने बीउ र कृषि तथा जैविक विविधता संरक्षणका लागि जलवायु परिवर्तन अनुकुलन कार्यक्रम कार्यान्वयनमा स्थानीय तहसंगको समन्वय तथा परामर्श विषयक एक दिने गोष्ठी सम्पन्न गरेको छ ।

कार्यक्रममा भानु नगरपालिकाका नगरप्रमुख उदयराज गौलीले नगरपालिकाले विभिन्न चुनौतीहरूको सामना गर्नु परिरेहेकोले सोचे अनुसारको काम गर्न नसकेको बताउँदै उनले नगरबासिसंग हातेमालो गरी अगाडि बढ्ने प्रतिवद्धता जनाए ।

'शुरूका दिनमा हरेक क्षेत्रमा सहमति जुटाउन चुनौती, कहिले चितुवा आतंकको चुनौती, पछि कहिले कोरोनाको चुनौती, कहिले नगरपालिका स्थान्तरणको चुनौती आई पर्यो', नगरप्रमुख गौलीले भने, 'कोरोनाको त्रास कायमै रहेकाले यसपालीको दशैमा जो जहाँ छौ त्यहि भिडभाड नगरी मनाउन र स्वास्थ्यको मापदण्ड पालनामा ध्यान दिनुहोला ।'

कार्यक्रममा नगरपालिकाकी उपप्रमुख आशा थापा मगरले कृषकका लागि नगरपालिकाले गर्नुपर्ने काम परिवर्तन समाजले गर्न लागेको भन्दै खुशी ब्यक्त गरिन । उनले नगरपालिका र वडा कार्यालयसँग समन्वय गरी योजना अघि बढाउन सुझाव दिइन्।



समाजकी अध्यक्ष कान्छिमाया तामाङको सभापतित्वमा आयोजित कार्यक्रममा वडा नं. ६ का वडा अध्यक्ष सिताराम हङखले, वडा नं. १३ का अध्यक्ष राम बहादुर बानियाँ, वडा नं. ५ का कार्यवाहक अध्यक्ष दिपक थापा, भानु नपाका कृषि शाखा प्रमुख खितकुमार श्रेष्ठ, पशु शाखाका राजन सेँढाई, समाजका सल्लाहकार दामोदर मिश्र, राज गुरुङ लगायतले कृषकहरूले फलफूल तथा तरकारी उत्पादन गर्दा विषादी रहित बनाउनु पर्नेमा जोड दिए । उनिहरूले रैथाने बाली संरक्षणमा कृषक लगायत सरोकारवाला निकायले विशेष ध्यानुपर्ने पनि सुझाएका थिए ।

संस्थाकी पिएमसी संयोजक मिलन भुजेलले किसानलाई ब्यवसायीक बनाउनु पर्नेमा जोड दिंदै कृषिसँग सम्बन्धित विषयमा सचेतना मूलक कार्यक्रम अगाडि बढाउँदै लगिएको जानकारी गराइन् । परियोजना संयोजक चेत बहादुर थापाले संस्थाले गर्ने कामको विद्यमान चुनौती तथा अवसरहरू, परियोजना कार्यान्वयनका लागि स्थानीय तहसँगको समन्वय तथा कार्यगत सम्बन्धको प्रयास बारे सहजिकरण गरेका थिए ।

# बालकलाई ठक्कर दिएर भाग्ने प्रहरी फन्दामा

♦ **भञ्ज्याङ समाचारदाता** (डुम्रे)

तनहुँको आँबुखैरेनीमा बालकलाई ठक्कर दिएर भाग्ने मोटर साइकल सिसि क्यामेराको सहयोगमा पक्राउ गरिएको छ । डुम्रे बजारको सिसि क्यामेरा मर्मत गरिएकै भोलीपल्ट आँबुखैरेनीमा बालकलाई ठक्कर दिएर भाग्ने मोटरसाईक लमजुङ दोर्दीका चालकलाई पक्रन सफल भएको ईलाका प्रहरी भानु मुकाम डुम्रेका प्रहरी नायब निरीक्षक दिनेश पौडेल बताए । 'आँबुखैरेनीमा राखिएको सिसि क्मेरामा मोटरसाईकल नम्बर स्पष्ट नखुलेकाले डुम्रेमा हेर्न लगाउँदा बालक ठक्कर दिई भाग्नेलाई पक्रन सफल भयौं, ईलाका प्रहरी कार्यालय आँबुखैरेनीका प्रहरी निरीक्षक बिकास थापाले भने, 'आफ्नो घरवरपर अनुमति लिएर सिसि क्यामेरा राख्न सके अपराधिक घटनामा कमि ल्याउन सकिन्छ ।' जिल्ला ट्राफिक कार्यालयका प्रमुख रेशम रानाभाटले चाडबाडका बेला बजारमा भिड बढ्न सक्ने हुँदा र घटना दुर्घटना र अपराधिक क्रियाकलाप हुन सक्ने हुँदा सबै सुरक्षाका बिधिहरू अपनाउन सबैमा अनुरोध गरेका छन् ।

त्यस्तै, तनहुँको डुम्रे बजारमा राखिएको १५ ओटा सिसि क्यामेरा मध्ये ११ ओटा संचालनमा आएका छन् । विभिन्न सञ्चार माध्यममा सिसि क्यामेरा बिग्रिएको समाचार प्रकाशन/प्रशारण भए लगत्तै डुम्रे बजार क्षेत्रका सिसि क्यामेरा मर्मत गरिएको थियो । तनहुँ उद्योग वाणिज्य संघ डुम्रे ईकाई सभापति नेक मह्म्मद मियाँको अग्रशरतामा क्यामेर मर्मत गरिएको थियो । मियाँका अनुसार बिगत ४ महिना अघि बिग्रिएको सिसि क्यामेरा समाचार प्रकाशन भए पछि भोलिपल्टै मर्मत गर्न सफल भएको र अन्य ४ वटा पनि तत्काल मर्मत गरिने उनले बताए ।

**स्वास्थ्य नै ठूलो धन हो ।**
**कोभिड-१९ को संक्रमणबाट आफू बचौं र अरूलाई पनि बचाऔं,**
**जनस्वास्थ्य सुरक्षाका मापदण्ड तथा प्रोटोकलहरू अनिवार्य रूपमा पालना गरौं ।**

- अत्यावश्यक काम बाहेक अन्तर्राष्ट्रिय सीमा, सीमावर्ती क्षेत्र, अन्तरजिल्ला र जिल्ला भित्रका कोभिड-१९ संक्रमणको उच्च जोखिम भएको क्षेत्रमा आवत जावत नगरौं ।
- अत्यावश्यकीय कामका लागि त्यस्ता क्षेत्रहरूमा आवतजावत गर्दा अनिवार्य रूपमा मास्क लगाऔं।
- अनावश्यक भिडभाड नगरी, भौतिक दूरी कायम गरौं ।
- सरकारले गरेको अनुरोध पालना नगर्नेलाई प्रचलित कानून बमोजिम तत्काल कारवाही गर्न सक्ने भएकाले सबैले सरकारको अनुरोधको पालना गरौं ।

नेपाल सरकार
संचार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

# डुम्रेमा २५ जनाले रक्तादान गरे

♦ **भञ्ज्याङ समाचारदाता** (डुम्रे)

तनहुँको बन्दीपुर गाउँपालिका-१ डुम्रेमा शनिबार आयोजना गरिएको रक्तदान कार्यक्रममा २५ जनाले रक्तदान गरेका छन् । लायन्स क्लव अफ तनहुँ डुम्रेले आयोजना गरेको उक्त रक्तदान कार्यक्रमको बन्दीपुर-१ का वडाअध्यक्ष भानुभक्त पोखरेलले शुभारम्भ गरेका थिए ।



रक्तदान शुभारम्भ कार्यक्रममा गाउँपालिकाका अध्यक्ष पूर्ण सिंह थापा, क्लवका कृष्ण शर्मा, रक्त सञ्चार प्रमुख अर्जुन ज्ञवाली, प्रहरी चौकी डुम्रेका प्रमुख प्रकाश भुसाल, डुम्रे टोल विकास संस्थाका अध्यक्ष भगवान श्रेष्ठ, क्लवका सदस्य ऋषिराम अधिकारी, क्षेत्रीय होटल संघ तनहुँका अध्यक्ष राम जोशी, तनहुँ उद्योग वाणिज्य संघ डुम्रेबजार इकाइका अध्यक्ष नेक मह्म्मद मिया, विमल नगर इकाइका सभापति गणेश तिवारी, नेपाली कांग्रेस बन्दिपुरका सभापति कर्ण खत्री लगायतको सहभागिता रहेको थियो।

लायन्स क्लब अफ तनहुँ डुम्रेका अध्यक्ष वैश बहादुर गुरूङको अधयक्षतामा भएको कार्यक्रमा २५ जनाले रक्तदान गरेको लायन्स क्लबका पूर्व अध्यक्ष सरिता पियाले बताए । कोभिड-१९ संक्रमणको विषम् परिस्थितिमा पनि सबैले महान् कार्य रक्तदान जीवनदान कार्यक्रममा सहभागी भएका सम्पूर्णलाई क्लबले धन्यवाद ज्ञापन गरेको सचिव रिता तिवारीले जानकारी गराइन् ।

# भीमादका पुराना कम्युनिष्ट नेताको निधन

♦ **भञ्ज्याङ समाचारदाता** (भीमाद)

कोरोना संक्रमणबाट तनहुँको भीमाद नगरपालिकाका पुराना कम्युनिष्ट नेता कृष्णकुमार श्रेष्ठ को निधन भएको छ । कोरोना संक्रमण देखिए पछि काठमाडौं स्थित बी एण्ड बी अस्पतालमा उपचाररत ७२ वर्षका श्रेष्ठको निधन भएको उनका ज्वाइँ एवं नेकपा गण्डकी प्रदेश सदस्य शंकरनारायण श्रेष्ठले जानकारी दिए । अवस्था गम्भिर भएपछि उनको आइसीयुमा राखेर उपचार गरिएको थियो । उनी मंगलबारबाट उपचारमा थिए। प्लाज्मा थेरापी गरे पनि अवस्था सुधार नभए पछि श्रेष्ठको निधन भएको परिवारले जनाएको छ । स्वर्गीय श्रेष्ठ नेकपा तनहुँका सल्लाहकार हुन् ।



मृतक श्रेष्ठ २०३५ सालमा तत्कालिन मालेमा आवद्ध भए यता कम्युनिष्ट आन्दोलनमा सक्रिय थिए । जिविस तनहुँका सदस्य समेत रहेका श्रेष्ठ तनहुँका कम्युनिष्टका अभिभावकका रूपमा चिनिन्छन् । श्रेष्ठको निधनमा नेताहरूले श्रद्धाञ्जली व्यक्त गरेका छन् ।

परिवारमै यस अघि संक्रमणका कारण श्रेष्ठ परिवारका एक सदस्यको निधन भएको छ । यस्तै, सोही परिवारका ९८ वर्षीय वृद्धको राजधानीको एक अस्पतालमा उपचार भइरहेको र परिवारका अन्य तीन सदस्यमा पनि कोभिड-१९ संक्रमण पुष्टि भई उपचाररत रहेको बताइएको छ ।

भञ्ज्याङ पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित भञ्ज्याङ राष्ट्रिय दैनिक पत्रिकाको लागि सम्पादक : नारायण खड्का, सल्लाहकार : विश्वबन्धु भण्डारी ।
कार्यालय : ब्यास-२, दमौली, तनहुँ । फोनः ०६५-५६०९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com मुद्रण :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४